सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ११९ ♦ २०८० साल माघ ५ गते शुक्रवार ♦ 19 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com



राम मन्दिरको प्राण प्रतिष्ठाको दिन मधेश प्रदेशमा सार्वजनिक बिदा दिन माग ।पेज ४ मा

## अब बर्दिवासमा मेडिकल कलेज बन्ने पक्का



**खबर दर्पण समाचारदाता**

**माघ ४ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा मेडिकल कलेजको लागि तोकिए कै स्थानमा पूर्वाधार निर्माण गर्ने कार्य निश्चित भएको छ।

नेपाल सरकारको बुधवार बसेको मन्त्री परिषदको निर्णयबाट बर्दिबास मेडिकल कलेजको जग्गा प्राप्ति र रुख कटान गर्न दिने निर्णय गरेको र बिहिवार उक्त निर्णयम मुख्यसचिवबाट प्रमाणित भइआधिकारिक रुपमा निर्णय कार्यन्वयनको कार्य अगाडी बढेको जानकारी बर्दिवास नगर पालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले गराएको छ।

मेयर क्षेत्रीले सबैको अथक प्रयासले बर्दिवासमा निर्धारित स्थानमा नै अब मेडिकल कलेज बन्ने पक्का भएको बताए। उनले यसको लागि पूर्व मन्त्री गिरिर ाज मणि पोखरेल लगायत प्रधानमन्त्री प्रचण्ड, वन मन्त्री, शिक्षा मन्त्री, आयोजना प्रमुख, बर्दिबास उधोग बाणिज्य संघको साथै प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण नगरबासीहरुमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरेका छन् । उनले अब चाडै निर्माण कार्य अगाडी बढ्ने जनाए ।

बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाले विभिन्न शर्तहरु पालना गर्नेगरी बर्दीवास नगर पालिका वडा नम्बर ४ मा पर्ने माइस्थान सामुदायिक वन क्षेत्रको ५४.५८४ हेक्टर जग्गा प्रयोग गर्न र सो जग्गामा र हेका विभिन्न प्रजातिमा १९६७ वटा रुख पोल हटाउन स्वीकृती प्राप्त गरेको छ।

## राम मन्दिरको प्राण प्रतिष्ठा गर्ने दिन दिपोत्सव मनाइदै

**खबर दर्पण समाचारदाता**

**माघ ४ गते, महेन्द्रनगर**

राम मन्दिरको प्राण प्रतिष्ठा गर्ने दिन मधेसका केहि पालिकाहरुमा दिपोत्सव मनाइनुको साथै मदिरा र माछामासु बिक्री गर्न नपाइने भएको छ।

माघ ८ गते भारतको अयोद्यामा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठाको पनि कार्यक्रम रहेको सुखद अवसरमा जनकपुरधाम उपमहानगरपालिका, वीरगञ्ज महानगरपालिका, जलेश्वर नगर पालिका र क्षीरेश्वरनाथ नगर पालिकाले सुचना प्रकाशित गर्दै नगरमा दिपावली मनाउन आग्रह गरेका छन् । त्यसैगरी सोहि दिन नगर भित्र मदिरा र माछामासु बिक्री नगर्न समेत आग्रह गरिएको छ।

सुचनामा राम मन्दिरको प्राण प्रतिष्ठा गर्ने दिन नगरभरि नै आफ्नो घर, पसलका दिप प्रज्वलन गर्दै दिपावली मनाउन तथा मदिरा र माछामासु बिक्री वितरण गर्न रोक लगाएको उल्लेख गरिएको छ।

त्यसैगरी माघ ८ गते वीरगञ्जको घडीअर्वा पोखरीको दक्षिण ढोकातर्फ रहेको राम जानकी मन्दिरमा रामको मूर्ति स्थापना तथा प्राण प्रतिष्ठा गर्ने कार्यक्रम समेत तय भएको छ।

## मधेशमा गुणस्तरीय स्वास्थ्य सेवाको प्रयास जारी : मन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**माघ ४ गते, महेन्द्रनगर**

मधेश प्रदेशका स्वास्थ्य जनसंख्यमन्त्री विरेन्द्र प्रसाद सिंहले मधेशको स्वास्थ्य सेवा सुधार गर्नका लागि प्रदेश सरकार लागी परेको बताउनु भएको छ ।

मन्त्री सिंहले गैरअवासीय नेपाली संघले जनकपुरधाम उपमहानगरपालिका मार्फत नेपाल रेडक्रस धनुषा शाखालाई आज मोवाईल ब्लड वैंकको सुविधा सहित वस सेवा हस्तान्तरण गर्दै कार्यक्रममा बोल्दै सो कुरा बताउनु भएको हो ।

उहाँले मधेश प्रदेशको राजधानीमा रहेको प्रादेशिक अस्पतालको सेवा तथा सुविधाको विस्तारका लागि सरकार लागी परेको बताउदै जनताको पक्षमा सेवा दिने चिकित्सकलाई सम्मान तथा नगर्नेलाई दण्डित गर्ने नीति बनाउन लागेको बताउनु भयो । स्वास्थ्यमन्त्री सिंहले प्रदेश भरि मा स्वास्थ्य सेवा विस्तार गर्दै भौतिकपूर्वाधारको निर्माण संगै जनशक्ति तथा उपकरणको व्यवस्थापनमा लागी परेको बताउनु भयो ।

उहाँले प्रादेशिक अस्पतालमा रहेको विचौलीयालाई आफूले नै पक्राउँ गरेर प्रहरीलाई बुझाएको तर प्रहरीले केही घण्टामा नै छाड्ने काम गरेकाले यसले प्रदेशको स्वास्थ्य सेवा सुधार गर्नका लागि चुनौति भएको बताउनु भयो ।

सभापतिको आसनवाट बोल्दै जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साहले मधेश प्रदेशमा स्वास्थ्य सेवामा संघीयताको अनुभूति भएको बताउदै प्रदेश कर्मचारी समायोजन ऐन ल्याई दिनका लागि आग्रह गर्नु भयो ।

देश बाहिर बस्ने नेपालीहरुको संस्था गैर आवासीय नेपाली संघले हस्तान्तरण गरेको एक सुविधान सम्पन्न आधुनिक रक्त संकलन गर्ने एम्बुलेन्स बसमा रक्त संकलन गर्ने आधुनिक आरामदायी बेड, रक्त सुरिक्षत राख्ने फ्रिज र वातानुकुलित वातावरण सहितको सुविधाका साथै बसको छाना माथी आवश्यक परेका वेला लगाउन मिल्ने टेन्ट छानो समेत जडान गरिएको छ । सो अवसरमा एनआरएनएका अध्यक्ष डा. बद्री केसी, उपाध्यक्ष डा. हेमराज शर्मा, महिला उपाध्यक्ष रोजिना प्रधान राय सहितका पदाधिकारीहरुको उपस्थिती थियो ।

एनआरएनएका अनुसार बागमती, गण्डकी, सुदुरपश्चिचत र कोशीमा यस्तै भ्यान हस्तान्तरण गरिसकिएको छ भने वाँकी प्रदेशहरुमा पनि छिटै प्रदान गरिने छ ।




जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ड्डीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# राममन्दिर प्राण प्रतिष्ठामा नेपालबाट १५ जना अयोध्या जाँदै, पूर्वराजा ज्ञानेन्द्रलाई आएन निम्तो

**खबर दर्पण समाचारदाता**
**माघ ४ गते, बर्दिबास**



भारतको अयोध्यामा राममन्दिर प्राण प्रतिष्ठाका लागि जोडतोडका साथ तयारी चलि रहेको छ। आगामी सोमबार (डिसेम्बर २२ तारिख) मा हुने प्राण प्रतिष्ठामा सहभागी हुन नेपालमा क-कसलाई निम्तो आएको छ भन्ने अहिले चासो छ।

उक्त विशाल कार्यक्रममा सहभागिताका लागि नेपालमा १५ जनालाई निम्तो आएको नेपालभ्युजले पत्ता लगाएको छ। यसरी निम्तो पाउनेमा अधिकांश धर्मगुरु र धार्मिक सङ्गठनसँग सम्बन्धित व्यक्ति छन्।

हिन्दू सम्राट भनेर प्रचार गरिने पूर्वराजा ज्ञानेन्द्र शाहलाई भने उक्त कार्यक्रममा सहभागी हुन निम्ता दिइएको छैन।

श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रष्टका तर्फबाट नेपालका १५ जना प्रमुख सन्त-महन्थलाई निमन्त्रणा पठाइएको पुष्टि भएको छ। उनीहरूलाई विश्व हिन्दु परिषद् नेपालका राष्ट्रिय सङ्गठन सचिव प्रल्हाद रेग्मीले लिएर जाने कार्यक्रम छ। परिषद्का पदाधिकारीले निम्ता कार्ड वितरण गरिसकेका छन्। अयोध्याबाट निम्ता पाउनेमा जनकपुरधामस्थित जानकी मन्दिरका महन्थ राम तपेश्वर दास र उत्तराधिकारी महन्थ राम रोशन दास मुख्य छन्। उनीहरूलाई सबैभन्दा पहिले निम्तो प्राप्त भएको थियो। सीताको माइतीबाट जाने उनीहरूलाई विशेष सम्मानसाथ राखिने बताइएको छ। चतराधाममा बस्ने जगदगुरु बालसन्त मोहन शरण देवाचार्यलाई पनि निमन्त्रणा आएको छ। यस्तै देवघाटमा रहेको हरिहर सन्न्यास आश्रमका पीठाधिश स्वामी ज्ञानानन्द सर स्वतीसहित तीन जनालाई निमन्त्रणा पठाइएको छ।

पशुपतिनाथ मन्दिरका मूलभट्ट रावल गणेश भट्टलाई पनि विशेष निमन्त्रणा छ। रावललाई पनि भारतभरिबाट आउने प्रमुख साधु सन्तका प्रमुखको स्थानमा राखिने बुझिएको छ।

बूढानीलकण्ठ मन्दिरका पीठाधिश स्वामी निगमानन्दलाई पनि निमन्त्रणा आएको छ। पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव राजु क्षेत्री र कोषका पूर्वसदस्य रमेश उप्रेतीलाई पनि अयोध्याबाट निम्ता आएको छ।

ट्रष्टका महासचिव चम्पत रायले हस्ताक्षर गरेको निमन्त्रणापत्र सबैले पाइसकेका छन्। उनीहरू सबैलाई यहाँबाट अयोध्या लगेर जनवरी २३ तारिखमा राममन्दिर मा दर्शन गराउनेगरी कार्यक्रम तयार भएको छ। परिषद्का तर्फबाट आउने, जाने बस्ने खाने सवै खर्च हुने बताइएको छ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ।

**वृष-** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मिथुन-** समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एमाले महोत्तरी अधिवेशन : गुट निर्माणमा मण्डल र यादवको दौड्धुप

**विशाल बस्नेत**

**माघ ४ गते, महोत्तरी**

लामो समयदेखि पटक-पटक स्थगित हुँदै आएको नेकपा एमाले महोत्तरी जिल्ला अधिवेशनको पुनः चर्चा सुरु भएको छ ।पछिल्लो डेढ दशक यता तदर्थ समितिको भर मा चल्दै आएको एमालेमा माघ २२ र २३ गते निर्धारित अधिवेशनकै कारणले पनि जिल्ला राजनीतिवृत्तमा चर्चाको विषय बनेको हो ।

अधिवेशनको मिति नजिकिएसँगै नेतृत्व लिने होडवाजीले नेताहरूमा दौडधुप सुरु भएको छ । चर्चामा रहेका नामकै आधारमा गुटउपगुट सिर्जना भएका छन् । अहिले कालिचरण साह, वलिराम यादव र शिवचन्द्र सिंहको चर्चा छ ।

यस्को लागि माघ -१३ गतेसम्म जिल्लाका १३८ वटै वडाबाट प्रतिनिधि छनोट गर्ने समयसिमा राखिएको छ भने ५० सदस्य बराबर एक प्रतिनिधि बन्न पाउने प्रावधान बनाइएको छ । यसो हुँदा जिल्लामा सदस्य संख्याको आधार मा झण्डै ५५० प्रतिनिधि चयन हुन सक्ने एमाले महोत्तरीले जनाएको छ ।जिल्लामा अहिले दुई वटा गुट देखिएका छन् । एउटा गुटको नेतृत्व केन्द्रीय सदस्य सरोज यादवले गरेका छन् भने अर्को गुटको नेतृत्व पोलिटव्युरो सदस्य रामदयाल मण्डलले गरेको देखिन्छ ।

एमाले महोत्तरीका नेताहरूका अनुसार रामदयाल मण्डल, जुली महतो, रघुविर माहासेठसहितको एउटा गुटले शिवचन्द्र सिंहलाई बोकेका छन् भने सरोज यादवको अर्को गुटले बलिराम यादवलाई बोकेको छ ।कालिचरण साहले आफू कुनै गुटको नभएको दाबी गरेता पनि मण्डल निकट भएको एमालेका एक नेता बताउछन् । विशेष स्रोतको अनुसार अहिले सतहमा देखिएका मण्डल निकट मानिने कालिचरण र शिवचन्द्र मध्ये एक जनालाई मनाउन गृहकार्य भइरहेको छ ।

यता यादव पक्ष भने बलिरामलाई नै अध्यक्षको उम्मेदवार बनाउने लगभग निष्कर्षमा पुगेका छ । यादव पक्षका एक नेताका अनुसार बलिराम नै यादव पक्षको उम्मेदवार हुन सक्छन् । जिल्लामा स्पष्ट देखिएको यिनै दुई गुटलाई कसरी बलियो बनाउने अभियानमा नेताहरू दुई भागमा विभक्त भएका छन् । मण्डल र यादव को- कति बलियो छ भन्ने स्थिति हेर्ने हो भने दुवै गुटविच बलियो प्रतिस्पर्धा हुने देखिन्छ । तथापि सरोज यादव केपी निकट मानिने हुँदा अध्यक्षको सल्लाहअनुसार नै समूह निर्माण गरि रहेको पनि कतिपयको आरोप छ ।

पछिल्लो समय महोत्तरीमा यादवको समूह बलियो बन्दै गएको छ । अधिवेशनमा कस्लाई नेतृत्व तयार गर्ने भन्ने विषयमा निर्णायक क्षेत्र न.१ हो । अहिले क्षेत्र न.१ मा यादवको बलियो पकड छ । नेताहरु सन्त परियार, सारदादेवी थापा, केदार वहादुर बस्नेत जुली र मण्डल पक्षधर देखिएतापनि झण्डै ८५ प्रतिशत नेताहरू यादव पक्षधर भएको नेता कार्यकर्ताहरू बताउछन् । पछिल्लो समय माओवादी केन्द्रवाट एमाले प्रवेश गरेका युवा नेता संकर महतो पनि यादव निकट बनेका छन् ।

कुनै समय ९० प्रतिशत मण्डलको नियन्त्रणमा रहेको क्षेत्र न. १ अहिले त्यस्को ठिक विपरित वनेको छ । सुरुदेखि नै नेता गुन्ज खडका यादव निकट मानिएता पनि अन्य नेताहरू भने मण्डल निकट मानिन्थे । लामो समयदेखि विवाद नै विवादमा रुमलिँदै आएको एमाले महोत्तरीमा यसअघि निर्धारण भएको अधिवेशनहरूमा पनि सरोज यादव र रामदयाल मण्डलकै कारण स्थगित भएको थियो ।

दर्जनौपटक कहिले आन्तरिक कलह त कहिले नेताहरूको निजी स्वार्थको कारण विवादित बन्दै आएको यो आसन्न अधिवेशन भने जसरी पनि गर्नपर्ने नेताहरूको मनस्थिति छ ।यसैबीचमा देखिएको गुट निर्माणले कतै अधिवेशन नै विथोलिने त हैन भन्ने बाक्लै अडकलवाजी पनि आइरहेको छ ।“हामी अधिवेशनको तयारीमा अघि बढ्यौं, यसपालि अब अधिवेशन टार्ने कुनै निहुँ बन्दैन”, एमाले जिल्ला सङ्गठन कमिटीका अध्यक्ष कालीचन्द्र साहले भने, “अधिवेशनको मुख्य नारा र लोगो सार्वजनिक गरिसकेका छौं, अब जे काम हुँदैछन्, अधिवेशनका लागि हुन् ।”

२०७८ साल २४ र २५ पुसमा गर्नुपर्ने अधिवेशन आन्तरिक कलह कै कारण नभएपछी ५ र ६ माघलाई निर्धारण गरिएको थियो तर हुन सकेन । एकता प्रक्रियाका क्रममा एमालेमा नै रहेका तत्कालिन इन्चार्ज टेक वहादुर बलाम्पाकीलाई साथमा लिएर नेता यादवले मण्डल पक्षसगँ प्रतिस्पर्धा गर्ने हतियार बनाएका थिए ।तर नेता बलाल्पाकी अहिले माओवादी केन्द्रमा नै फर्किसकेका छन् भने गुट निर्माणको संजालमा यादव अझै सक्रिय छन् । महोत्तरीमा ४ जना केन्द्रीय सदस्य मध्ये बलाम्पाकी माओवादी केन्द्र फर्कीसकेपछी सरोज यादव, रामदयाल मण्डल र बुधिनिदेवी छन् ।

बुधिनिदेवी मण्डलकै साथमा देखिन्छन् भने यादवलाई क्षेत्र न.१ का केही प्रदेशस्तरिय नेताहरुको साथ छ । शक्ति संचयका हिसावले समेत नेताहरू आफ्नो पकड बनाउने दाउमा लागीरहँदा पार्टीको वैचारिक धरातलको भने चिन्ता हुन थालेको छ ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**सम्सी गाउँपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मनरासिस्वा नगरपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**भंगहा नगरपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**पिपरा गाउँपालिका, धनुषा**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**एकडारा गाउँपालिका, महोत्तरी**

# राम मन्दिरको प्राण प्रतिष्ठाको दिन मधेश प्रदेशमा सार्वजनिक बिदा दिन माग

**खबर दर्पण समाचारदाता**

**माघ ४ गते, महेन्द्रनगर**




भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठाको दिन मधेश प्रदेशमा सार्वजनिक बिदा दिन माग गरिएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले मुख्यमन्त्री सरोजकुमार यादवलाई आज ज्ञापन पत्र बुझाउँदै माग गरेका छन् ।

अगामी माघ ८ गते अर्थात् जनवरी २२ तारेखमा राममन्दिरको प्राण प्रतिष्ठा हुँदै छ । सो दिन प्रदेशभरि सार्वजनिक बिदा दिइ र दिपावली मनाउन ज्ञापन पत्रमा माग गरिएको छ ।

'यस पावन र ऐतिहासिक अवसरलाई माता सीताको माइती (नैहर) बाट संसारलाई त्रेता युगीन भगवान श्री रामजानकीको पौराणिक वैवाहिक सम्बन्धको सन्देश दिन सरकारी रूपमा उत्सव मनाउन २२ जनवरी २०२४, तदनुसार २०८० माघ ८ गतेका दिन मधेस प्रदेशमा सार्वजनिक बिदाको घोषणा तथा प्रदेशवासीलाई उक्त दिन दीपावली मनाउन आग्रहपूर्ण सन्देश दिनका लागी विनम्र अनुरोध गर्दछौं,' ज्ञापनपत्रमा उल्लेख छ।

'श्रीराम मन्दिरको समुद्घाटन तथा श्रीरामलीलाको प्राण प्रतिष्ठाको सुखद खबरले संसारकै हिन्दू धर्मावलम्बीहरूमा गौरव तथा हर्षोल्लास छाएको छ,' ज्ञापनपत्रमा भनिएको छ, 'माता सीताको ससुरालीमा हुने हर्ष बढाइँमा सहभागी हुन समग्र मधेश प्रदेश तथा मिथिलामा विभिन्न कार्यक्रमका साथै दीपावली मनाउन गइरहेको छ ।'

वर्षौंको विवादपछि भारतको अदालतको निणर्यअनुसार अयोध्यामा भगवान रामको विशाल मन्दिर निर्माण भई मन्दिरको समुद्घाटन तथान श्रीरामललाको प्राण प्रतिष्ठाको सुखद खबरले विश्वकै हिन्दु धर्मावलम्वीहरूमा गौरव तथा हर्षोल्लास छाएकाले सो दिन दिपावली मनाउन आग्रह गर्दै प्रदेशमा सार्वजनिक बिदा दिन आग्रह गरिएको छ ।

जानकी मन्दिरमा माघ ८ गते डेढ लाख दीप प्रज्वलन गर्ने तयारी गरिएको छ । जनकपुर धामका मेयर मनोज साहले पनि नगरवासीलाई दीपावली मनाउन अनुरोध गरेका छन् ।

# स्थानीय तहको स्वमूल्याङ्कनमा महोत्तरीका ४ स्थानीय तहको अंकभार शुन्य

**विशाल बस्नेत**

**माघ ४ गते, महोत्तरी**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा महोत्तरीका ३ वटा पालिकाहरूले शून्य अंक प्राप्त गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ अनुसार गरेको मूल्यांकनमा सबैभन्दा बढी अंक भने महोत्तरी गाउँपालिकाले पाएको छ ।

शून्य अंक पाउनेहरूमा सम्सी, बल्वा, सोनामा र रामगोपालपुर रहेका छन् भने नम्बर पाएको आधारमा पनि सबैभन्दा कम नम्बर पाउनेमा बर्दिवास र लोहारपाटी नगरपालिका छन् ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको प्रतिवेदनअनुसार लोहारपाटीले ५२.५ प्रतिशत अंक प्राप्त गरेको छ भने बर्दिवास नगरपालिकाले ५४.५ प्रतिशत अंक प्राप्त गरेको छ ।

स्वमूल्यांकनमा महोत्तरीपछि गौशाला नगरपालिका जिल्ला कै दोस्रो नगरपालिका बनेको छ । महोत्तरी गाउँपालिकाले ९ वटा शीर्षकमा गरेको मूल्यांकनमा शतप्रतिशत अंक प्राप्त गर्दा गौशालाले ८५ प्रतिशत अंक प्राप्त गरेको हो ।

त्यसपछि औरही, पिपरा र जलेश्वर नगरपालिका छन् । उनीहरूले क्रमशः ७७.२५ प्रतिशत, ७५.५ प्रतिशत र ७०.२५ प्रतिशत अंक प्राप्त गरेका छन् ।

मूल्यांकनलाई ९ भागमा विभाजन गरिएको छ जसमध्ये शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, सहकार्य र समन्वय छन् ।

वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा पनि बर्दिवास नगरपालिका निकै कमजोर देखिएको छ । यसमा २७.८८ प्रतिशत अंक मात्र प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी मटिहानी नगर पालिकाले औसत ६१.२५ प्रतिशत, मनरासिस्वाले ६० प्रतिशत, एकादाराले ५९.५ प्रतिशत र भंगाहा नगरपालिकाले ५८.७५ प्रतिशत अंक प्राप्त गरेका छन् ।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मिथिला नगरपालिका, धनुषा**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## R S सिनेमा हल बर्दिवासमा

प्रदर्शन भईरहेको छ

**हनुमान**

शो समय १२-३ , ३-६ र

७-१० बजे




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा